# भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

प. सं. २०८०/०८१
च. नं. 6400

मितिः २०८१।०२।१८

विश्व वातावरण दिवस मनाउने सम्वन्धी भरतपुर महानगरपालिकाको अनुरोध ।

उपरोक्त सम्वन्धमा प्रत्येक वर्ष जुन ५ मा मनाउदै आइरहेको विश्व वातावरण दिवस यहि मिति २०८१ जेठ २३ गते पर्न गएको हुदाँ उक्त दिन भरतपुर महानगरपालिका नगरकार्यपालिका कार्यालयबाट तपसिल बमोजिमका कार्यक्रम गरी विश्व वातावरण दिवस मनाउने कार्यक्रम रहेको हुदाँ सरोकारवाला सबैलाई यसै सूचना द्वारा जानकारी एवं अनुरोध गरिन्छ ।

<u>तपसिल</u>

- मिति २०८१।०२।२१ गते सबै सरकारी कार्यालय, महानगरपालिकाको वडा कार्यालयहरु सबै गैरसरकारी तथा वित्तीय संस्थाहरु सबैले आ-आफ्नो कार्यालय परिसर सफा गर्ने र वृक्षारोपण गर्ने ।
- मिति २०८१।०२।२२ गते यस महानगरपालिका भित्रका सबै टोल विकास संस्थाहरुले आ-आफ्नो टोल, सबै सामुदायिक र संस्थागत विद्यालय, क्याम्पस हरुले आ-आफ्नो शैक्षिक परिसर सफा गर्ने र वृक्षारोपण गर्ने ।
- मिति २०८१।०२।२३ गते विहान ७ वजे देखि महानगरपालिकाको समन्वयमा वाईपास सडकको जिल्ला प्रशासन चोक देखि आँपटारी सम्म वृहत सरसफाई र विरुवा गोडमेल गर्ने साथै सरसफाई कार्यक्रम जिल्ला प्रशासन चोकबाट सुरु गरी आँपटारीमा समापन गर्ने उक्त सरसफाई अभियानमा सरकारी,गैरसरकारी संघ संस्था,टोल विकास संस्था, आमा समुह, युवा क्लब,शैक्षिक संस्थाहरू लगायत मुख्य सडक सँग जोडिएका आम नगरबासी हरुमा सहभागीताको लागि अनुरोध गरिन्छ ।

*नोटः महानगरपालिकाको सहकार्यमा विश्व वातावरण दिवस मनाउन चाहाने संस्थाहरुले आफ्नो कार्यक्रम सहित भरतपुर महानगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन महाशाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।*

**उप-सचिव**
वातावरण तथा विपत् व्यवस्थापन महाशाखा
भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

फोन नं. ०५६-५१०७२०,५१०७१०,५११४६७,५९७००४,५१५७७१. फ्याक्स नं. ०५६-५११४६७
E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषद्बाट महानगरपालिका घोषणा मितिः फागुन २७, २०७३)

Scanned with CamScanner